# रिब्दीकोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### खस्यौली, पाल्पा
### ५ नं. प्रदेश

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np


प.स ०७७/०८८
च.नं.:

मिति:२०७७।०६।१२

**दोहोरो सदस्यता लिएका सहकारी संस्थाका सदस्यहरु र सहकारी संस्थाहरुलाई सूचना ।**

संघीय सहकारी ऐन,२०७४ तथा रिब्दीकोट गाउँपालिकाको सहकारी ऐन,२०७४ अनुसार कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन पाउने छैनन् तर यो ऐन प्रारम्भ हुनु भन्दा अघि कुनै व्यक्ति एकै स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य भएको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ ।

यदि कसैले रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र कार्य संचालन गरिरहेका एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्थाको सदस्यता लिनु भएको भए २०७७ असोज मशान्तभित्र आफुले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्थाको सदस्यता अन्त्य गर्नुहुन अनुरोध छ । साथै सहकारी संस्थाहरुले पनि आफ्ना सम्पूर्ण सदस्यहरुलाई यस विषयको जानकारी गराई तदनुसार गर्ने गराउने व्यवस्था मिलाउनु हुन जानकारी गराईन्छ ।

..........................
(प्रेमचन्द्र अर्याल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत